# रामपुर नगरपालिकाको तेस्रो नगर सभामा प्रस्तुत आ.ब.०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम र वजेट :-

आदरणीय नगर सभाका सभाअध्यक्ष ज्यू एबं सम्पूर्ण सभासद ज्यूहरु ।

नेपालको वर्तमान संविधानले निर्दिष्ट गरेको नीति सिद्धान्त, नेपालको वर्तमान आवधिक योजना प्राथमिकता, उद्येश्य, लक्ष्य, सहश्राद्धि विकास लक्ष्य, रामपुर नगरपालिकालाई संविधानत प्राप्त अनुसुची ८ र ९ वमोजिम प्राप्त अधिकार, रामपुर नगरपालिकाको विकासका प्राथमिकता एवं रामपुर नगरवासीहरुको चाहना, ईच्छा र मागहरुलाई मध्यनजर गर्दे रामपुर नगरपालिकाको आर्थिक वर्ष २०७५/०७६ को वार्षिक नीति तथा कार्यक्रम र वजेट तर्जुमाका लागी प्रस्ताव गरीएको छ ।

प्रस्तुत नीति तथा कार्यक्रम र वजेट नेपालको संविधानले दिएको अधिकार र नेपाल सरकारले जारी गरेको प्रचलित कानून एवं यसै नगरपालिकाद्धारा गरिएको नीतिगत निर्णयहरुको आधारमा निर्दिष्ट गरेको योजना तर्जुमा प्रक्रिया लाई अवलम्वन गरी सहभागिता मूलक ढंगले तर्जुमा गरिएको छ । जनताले आफ्ना आवश्यकतालाई सम्वोधन गर्ने योजनाहरु आफ्नै सहभागितामा छनौट गर्न सकुन भन्ने सहभागिता मुलक र समावेशी योजना तर्जुमा प्रक्रियाको अवधारणा अनुरुप सवै टोलवासी एवं वडावासीहरुको व्यापक सहभागिता र वडावाट निर्वाचित वडा समितिको पूर्ण सक्रियतामा वडा स्तरीय योजना तर्जुमा तथा विषयगत योजना तर्जूमा गरी विभिन्न समितिको वैठकले यसलाई पूर्णता दिदै विभिन्न सरोकार वालाहरुसंग अन्तरक्रिया,छलफल र समन्वय गरी नगर कार्यपालिकाको वैठकले समेत छलफल गरी तयार पारिएको यो नीति तथा कार्यक्रम र बजेट चालु आ.व. ०७५।७६ को वार्षिक नगर विकास योजनाको रुपमा प्रस्तुत गरेको छु ।

हाम्रो यस नगरपालिकाको आर्थिक सामाजिक संस्कृतिक विविधता एंव भौगोलिक अवस्थितीका आधारमा हाम्रा विकासमा पूर्वाधारहरु निर्माण गर्दै जानुपर्ने अवस्था छ । स्थानीय तहमा क्रियासिल राजनैतिक दलहरु स्थानीय समुदाय र नगरपालिकाको संयुक्त प्रयासमा स्थानीय स्रोत साधन र क्षमतालाई परिचालन गरी सामाजिक र आर्थिक क्षेत्रलाई संस्थागत गरी पूर्वाधार आर्थिक, सामाजिक विकास एवं क्षमता विकासका कार्यक्रमहरु मार्फत विकासको प्रयासलाई अगाडी वढाउनु आवश्यक छ । हामीसंग उपलब्ध प्राकृतिक सम्पदाहरु पर्यटकीय संभावनाहरुलाई समेतको भरपुर रुपमा उपयोग गरी सन्तुलित विकासका लागी स्रोत परिचालन गर्नुपर्ने चुनौती हाम्रासामु विद्यमान रहेको छ । नगरका केही वडाहरुका भागहरु भौगोलिक हिसावले मात्र नभै आर्थिक र सामाजिक हिसावले पछि परिरहेको यर्थाथ लाई मनन गर्दै उक्त स्थानहरुलाई विशेष प्राथमीकतामा राख्नु पर्ने आवश्यकता छ ।युवा शक्ति रोजगारको लागी विदेशिएका कारण कृषि उत्पादनमा ह्रासोन्मुख रहेको छ । न्युन स्रोत साधनका वावजुत पनि नगरपालिकाको गौरवको रुपका रहेको कालीगण्डकी करीडोर अन्तर्गतको यो उपत्यकाको प्रचार प्रसार प्रवद्धन गर्न जरुरी भैसकेको छ ।

उल्लेखित चुनौतीहरुको सामना गर्न सरकारी गैरसरकारी निजी क्षेत्र एवं स्थानिय समुदायको अग्रसरता, सहयोग, समन्वय, सहभागिता, सहमति र समझदारीवाट मात्र संभव रहन्छ । यस अवस्थामा हामीले रोजगारी र आयआर्जनका अवसरहरु वृद्धि गर्न कृषि उत्पादनमा वृद्धि पशुजन्य व्यवसाय प्रवद्धन लघु उद्योग प्रवद्धन स्थानीय सिप साधनवाट संचालित परम्परा व्यवसायको संरक्षण र विविधिकरण सहकारी प्रवद्धन आधारभूत शहरी पूर्वाधारको विकास र उत्पादनशील क्षेत्रमा लगानी अभिवृद्धि गरी विकास प्रक्रियामा सवै वर्ग क्षेत्रका समुदायहरुलाई परिचालन गर्न सकेमा मात्र परिवर्तनमुखी एवं परिणाममुखी विकास संभव हुने देखिन्छ । समावेशी समन्यायिक तथा परिणाममुखी विकासको प्रभावमा जुट्न समस्त उद्यमी व्यवसायी नागरीक समाज राजनैतिक दलका पदाधिकारी सरकारी तथा गैर सरकारी निकायहरु स्थानीय समुदायहरु संघ संस्थाहरु एवं सम्पूर्ण नगरवासीमा हार्दिक अपिल गर्दछु ।

रणनीतिक हिसावले आर्थिक तथा सामाजिक विकासको प्रचुर सम्भावना हुदाहुदै पनि आन्तरिक स्रोत साधनको न्यूनताका कारण हाम्रो विकास प्रयास नेपाल सरकारको अनुदानमा नै पूर्ण र्निभर रहेको छ । नगरपालिकालाई प्राप्त सिमित स्रोत र साधनवाट नगरवासीका असिमित आवश्यकताहरु पूरा गर्न अवश्य निकै कठिनाई छ । तथापि योजना तर्जुमा गर्दा सवै वर्ग, क्षेत्र, लिङ्ग, समुदायको सहभागिता रहन सकोस भन्ने तर्फ ध्यान दिइएको छ । साथै सरोकारवाला वर्ग, क्षेत्रवाट प्राप्त सुझाव एवं मागहरुलाई प्राथमिकताको आधारमा वजेट विनियोजन गरी कार्यान्वयनका लागी प्रस्ताव गरिएको छ ।

आदरणिय सभाध्यक्ष एवं सभासद ज्यूहरु

अव म चालु आ.व. २०७५/०७६ को नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको लागी निम्न वमोजिम विषयगत नीतिहरु प्रस्तुत गर्दछु । उक्त विषयमा नीतिहरु प्रताव गर्दा विषयगत तथा अन्य समितिहरुको सल्लाह सुझाव र स्थानीय निकाय निर्वाचनका समयमा गरिएका प्रतिवद्धताहरुको समेतलाई आधार मानी यहाँ उल्लेख गरिएको छ ।

**(क) आर्थिक विकास नीति**

**१) आन्तरिक आय तर्फ :-**

- आन्तरिक आय वृद्धिगर्न सम्भाव्य क्षेत्रहरुको अध्ययन तथा पहिचान गरी व्यवस्थित ढंगले करको दायरामा ल्याउनका लागि एक संयन्त्र निर्माण गरि परिचालन गरिनेछ ।
- सम्पत्ति कर तत्काल लगाउने व्यवस्था मिलाइने छ ।
- वस पार्क लगायत अन्य पार्किङं स्थलहरु सार्वजनिक नीजि साझेदारी (Public private patnership)को आधारमा थप आम्दानीको व्यवस्थापन मिलाइने छ ।
- नगरपालिका वरपर र अन्यत्र पनि व्यवसायिक क्षेत्रमा व्यवसायिक भवनहरु निर्माण गरी आम्दानीका क्षेत्र वढाउने कार्य गरिनेछ ।
- व्यवसाय करलाई थप प्रभावकारी वनाउन उद्योग वाणिज्य संघ र अन्य सरोकारवाला सवै संग समन्वय र साझेदारीको आधारमा व्यवस्थापन मिलाईनेछ ।
- जग्गा व्यवस्थापन सुकुम्वासी व्यवस्थापन गरी त्यसवाट थप आम्दानी हुने व्यवस्थापन मिलाईनेछ
- घर नक्सालाई अनिवार्य गर्न अव्यवस्थितलाई व्यवस्थित गर्नुका साथै आम्दानी हुने मुख्य आधार हरु सवारी साधन कर घर वहाल कर लाई पनि कार्यान्वयनमा ल्याइनेछ ।
- पर्यटन विकासका लागी सम्भावित सवै क्षेत्र र विषयवस्तुहरुलाई सार्वजनिक नीजि साझेदारी (Public private patnership) मोडल को अवधारणा लागु गरी आन्तरीक आय वृद्धिका लागी व्यवस्था मिलाउदै लगिने छ
- ढुङ्गा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जडिवुटी जस्ता प्राकृतिक स्रोत र साधनहरुको सदुपयोग गर्दै राजश्व संकलन कार्यलाई प्रभावकारी वनाउदै लगिने छ ।

**२) कृषि तथा पशु विकास तर्फ :-**

- कृषि क्षेत्रको आधुनीकिकरण र व्यवसायिकरणमा जोड दिई निर्भरमुखी कृषि प्रणालीलाई व्यवसायीकरण एवं प्रतिस्पर्धात्मक कृषि प्रणलीमा रुपान्तरण गर्न जोड दिइने छ ।
- माटोको उर्वरा शक्ति लाई जोगाई राख्न माटो परिक्षण गर्ने कार्यलाई विषेश प्राथमिकता दिईनेछ ।
- लोपोन्मुख स्थानीय वालिलाई संरक्षण गरी उत्पादनमा वृद्धि ल्याइनेछ ।
- तरकारी थोक वजार व्यवस्थापन र मूल्य समायोजन कार्यक्रमलाई सहयोग पुग्ने हिसावले उत्पादनको समोचित मूल्यका लागी आवश्यक वजार स्थापनामा जोड दिईनेछ ।
- मौरी पालन माछा पालन टनेल खेतीलाई व्यवसायिक खेती गर्न प्रोत्साहन गरिनेछ ।
- युवा तथा कृषकहरुलाई व्यवसायिक तालिमको लागी विषेश जोड दिईनेछ ।
- वालि विमा कार्यक्रमलाई प्रचार प्रसार गरी र प्रभावकारी उपयोग गर्ने वातावरण वनाईनेछ ।

- करेसा वारी र प्राविधिक रुपमा उपयुक्त भएका कौसीमा तरकारी खेती गर्ने प्रविधिको विकास र विस्तारका लागी प्रोत्साहित गरिने छ।
- कृषिमा आधारित सरकारी उद्योगहरुलाई उत्पादन तथा प्रसोधनका लागी निती वनाई अनुदानको व्यवस्था गरिनेछ।
- मौसमी तथा वेमौसमी तरकारी खेती गर्ने उत्कृष्ट कृषकहरुलाई वार्षिक रुपमा पुरस्कारको व्यवस्था गरिनेछ साथै आवश्यक विउ विजन उपलव्ध गराईनेछ।
- वडा स्तरीय तरकारी खेतीको सुरुवात गर्नको लागी माटो परिक्षण गरी एक वडा एक खेती रुपमा रामपुर न.पा. लाई अगाडी वढाइनेछ र प्रतिस्पर्धाको रुपमा उत्कृष्ट वडालाई थप विकास निर्माणको लागी प्राथमिकतामा राखिनेछ।
- एक वडा १० युवाको समुह वनाई पशु कृषि लगायत उत्पादन मुखी व्यवसाय गरेमा ५ लाख वरावरको ऋण सहयोग कार्यविधि वनाई उपलब्ध गराईनेछ ।
- गुणस्तरीय दुग्ध डेरीलाई वार्षिक पुरस्कारको व्यवस्था गरिनेछ।
- कृषि तथा पशु पन्छीजन्य प्राकृतिक प्रकोप तथा माहामारी रोगको नियन्त्रणको व्यवस्था मिलाईनेछ।

**३) पशु विकास तर्फ :**

- प्राकृतिक र कृत्रिम गर्भाधानको माध्यमवाट नश्ल सुधार कार्यक्रमलाई ब्यापक गरिदै लगिनेछ।
- स्थानीय डाले घाँस र  उन्नत जातको घाँसको उत्पादनमा जोड दिईनेछ।
- सहरी क्षेत्रमा कुखुरा पालन वंगुर पालन तथा पशुपालनका लागी आवश्यक र उपयुक्त मापदण्डहरु तयार गरी लागु गरिनेछ। सो का लागी वस्ती भन्दा टाडा का क्षेत्रहरु उपयोगमा ल्याईनेछ।
- उपयुक्त स्थानमा दुग्ध चिस्यान केन्द्रहरु स्थापना गरिनेछ।
- उन्नत जातका पशुपालन नस्ल सुधारमा सहयोग पु-याउने नीति लिईनेछ।
- दुग्ध व्यवसायलाई प्रवद्धन गर्न पशुपालन कृषकहरुलाई प्रोत्साहन गरिनेछ।
- स्थानीय उत्पादनलाई प्रवर्द्धन गर्न एवं उपभोग गर्न प्रोत्साहन गरिनेछ।
- पशु विमा कार्यक्रमलाई विस्तार एवं प्रचारप्रसार गरिने छ।
- कृषि तथा पशुपंक्षी जन्य उत्पादनको प्रवर्द्धन विकास तथा बजारीकरणको उचित व्यवस्थापन गरिनेछ। कृर्षि तथा पशु पंक्षी सम्वन्धी विमा र कर्जा सहजीकरणको कार्यक्रमहरुको सञ्चालन गरिने छ। सहकारी वैंक तथा वित्तिय संस्थाहरु संग समन्वय गरी नगरपालिकाको सिफारीसमा नमुना उद्योग तथा कृर्षि, पशु विकास कार्यक्रमहरु लाई सस्तो कर्जाको व्यवस्था मिलाईनेछ।

**४) सहकारी तथा वित्तिय क्षेत्र तर्फ :-**

- नगरपालिकामा सहकारी संस्था संचालन गर्नका लागी -सहकारी संस्था संचालन तथा नियमन गर्ने ऐन पारित गरि लागु गरिनेछ।
- सहकारी संस्था स्थानिय निकाय निजी क्षेत्र लगाएतका क्षेत्र विच साझेदारी गर्दै सहकार्यतालाई प्रवर्द्धन गर्दै लगिनेछ।
- सहकारी उद्योग व्यवसाय प्रवर्द्धन अर्न्तगत स्थानीय श्रोत र कच्चा पर्दाथमा आधारित सहकारी उद्योग स्थापनामा प्रोत्साहित गरिनेछ।
- कृषि क्षेत्रमा कार्यरत सहकारी हरुलाई साझेदारीमा कृषि उतपादन बजारीकरण तथा प्रसोधनमा जोड दिईनेछ।

- वैंक सहकारी तथा वित्तिय संस्थाहरुलाई सामाजिक उत्तरदायित्तवको कार्य स्वरुप सामुदायिक विकासका गतिविधीहरुमा संकलन गराईने छ ।
- वेरोजगारीको व्यवस्थापन गर्न उपयुक्त व्यापारिक योजनामा वित्तिय क्षेत्र संग सहकार्य गरिनेछ ।
- साना तथा सिमान्तकृत कृषकलाई समुह सहकारीमा आवद्ध गराई कम आयतन तर उच्च मूल्यका वालि नालि उत्पादन वृद्धिमा जोड दिईनेछ ।
- उत्पादन मुलक सहकारकि निती अवलम्वन गरि त्यस्ता सहकारीको लागी आर्थिक तथा प्राविधिक सहयोगको व्यवस्था गरिने छ ।

**ख) सामाजिक विकास :**

**१) शिक्षा तर्फ :**

- सवै वालवालिकाहरुलाई वाल विकास केन्द्रको गुणस्तरीय सेवा प्रदान गरिनेछ ।
- स्थानीय आवश्यक अनुरुपका जीवन उपयोगी सिपसंग शिक्षा प्रणालीलाई आवद्ध गर्दै लगिनेछ
- रोजगारमुलक प्राविधिक शिक्षामा सर्वसाधरणको पहुच अभिवृद्धि गरिनेछ ।
- सवै वाल वालिकाहरुलाई आधारभूत शिक्षाको पहुचमा जोड दिईनेछ ।
- विद्यार्थी भर्ना भैसकेपछि विचमै छोड्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।
- नमुनाका रुपमा मातृभाषामा आधारभूत तहको अध्ययन गर्ने गराउने नीति लिईनेछ ।
- निजी क्षेत्रवाट संचालन भएका विद्यालय समेतका विद्यार्थी विवरणलाई नगरपालिकाको सुचना प्रणालीमा समावेस गरिनेछ । साथै अनुगमन र नियमन प्रभावकारी वनाईनेछ ।
- नगरपालिकाको भौगोलिक अवस्था विद्यालय शिक्षक र विद्यार्थीको अनुपात एवं स्थानीय आवश्यकता अनुसार विद्यालयलाई समायोजन गर्दै जाने नीति लिईनेछ ।
- कक्षा १ देखी १२ सम्मको शिक्षालाई अनिवार्य वनाईने छ ।
- कृषि पशु स्वास्थ्य होटल व्यवस्थापन निर्माण जस्ता वहू प्राविधिक शिक्षालयको विकासमा जोड दिईनेछ ।
- अपाङग /भिन्न क्षमता भएका व्यक्तिहरुको शैक्षिक पहुचमा विस्तार गरिनेछ ।
- मल्टिमिडिया शिक्षण प्रणलीलाई प्रोत्साहन गरिनेछ । कुनै १ सामुदायिक विद्यालयलाई छनौट गरि नमुना प्रयोगको व्यवस्था गरिनेछ ।
- सार्वजनिक पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापनमा मिलाईने छ ।
- नि : शुल्क शिक्षा विद्यार्थी प्रोत्साहन तथा छात्रवृद्धिको व्यवस्थापनमा जोड दिईनेछ ।
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान कार्य नियम संगत गरिने छ
- विद्यालयको नक्साङ्कन , अनुमति, स्वीकृती समायोजन ताथ नियमन गरिने छ ।
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण मर्मत सम्भार सञ्चालन र व्यवस्थापनमा जोड दिईनेछ ।
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व सम्पत्तिको अभिलेख संरक्षण र व्यवस्थापनमा जोड दिईनेछ ।
- विद्यालयको गुणस्तर अभिवृद्धि गर्न आवश्यक कार्यक्र सञ्चालन गरिनेछ ।
- उत्कृष्ट तथा विपन्न गरिव जेहनदार विद्यार्थी हरुलाई नगर छात्रवृद्धि कोष मार्फत उचित व्यवस्था मिलाईने छ ।
- उच्च शिक्षा अध्ययनमा प्राविधिक धारका विपन्न गरिव जेहन्दार तथा अशहाय विद्यार्थीहरुका लागी **"नगर छात्र वृद्धि कोष "** मार्फत छात्रवृद्धि उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।

**६) स्वास्थ्य तर्फ** :

- आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्वन्धी नीति कानुन मापदण्ड योजनाको तर्जुमा कार्यान्वयन तथा नियमनमा जोड दिईनेछ ।
- आधारभूत स्वास्थ्य प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धनमा जोड दिईनेछ ।
- स्वस्थ्य खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण तथा नियन्त्रण र नियमन मा जोड दिईनेछ ।
- औषधी पसल सञ्चालन अनुमती अनुगमन र नियमन लाई प्रभावकारी वनाईनेछ ।
- भैरहेका शहरी स्वास्थ्य केन्द्रहरुको स्वास्थ्य सेवा विस्तार गरी प्रसुति सेवा उपलब्ध गराउदै लगिनेछ । साथै नगरका थप क्षेत्रहरुमा शहरी स्वास्थ्य केन्द्रको स्थापनामा जोड दिईनेछ ।
- स्वास्थय सेवा विस्तार गर्दा वैकल्पीक स्वास्थ्य सेवाहरुको व्यवस्थापनमा जोड दिईनेछ ।
- क्यान्सर मुटु रोग ड्याङ्गो क्षयरोग जस्ता खतरनाक रोगको रोकथाम नियन्त्रण गर्ने खालका सचेतनामुलक कार्यक्रम संचालन गरिने छ ।
- वाल तथा मातृ मृत्यु दरमा न्यूनिकरणमा जोड दिईनेछ ।
- वडा स्तरमै त्रैमासिक रुपमा डाक्टरहरु वाट निशुल्क स्वास्थ्य परिक्षणको व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य विमा कार्यक्रमलाई व्यापक गर्दै लगिने छ ।
- आपतकालिन स्वास्थ्य सुरक्षा कोष स्थापना गर्न पहल गरिनेछ ।
- नगरपालिकामा भएको आर्युवेदिक औषधालयको स्तर उननती गरिनेछ ।
- रामपुर अस्पतालको भौतिक सुविधा र सेवा विस्तारमा सुधार गरिनेछ ।
- प्रत्येक वडामा जेष्ठ नागरीक आराम तथा भेटघाट गर्ने स्थल निर्माण गदै लगिनेछ ।
- रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालनमा जोड दिईनेछ ा
- स्वास्थ्य जिवन शैली, पोषण, साririक व्यायम, योग अभ्यास, पञ्च कर्म जस्ता कार्यहरुको प्रवर्द्धन र विकास गर्दै लगिनेछ ।
- सुर्ती, मदिरा र लागुपदार्थ जन्य वस्तुहरुको प्रयोग नियन्त्रण र सचेतना कार्यक्रमलाई अभिवृद्धि गर्दै लगिने छ ।

**७) महिला विकास तर्फ :**

- शिक्षा स्वास्थ्य तथा रोजगारीमा महिलाहरुको पहुचँ वृद्धि गर्दै लगिनेछ ।
- शिप विकास क्षमता विस्तार गरिने र गरीवि हटाउने खालका योजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- महिला शशक्तिकरणका क्रममा गृहिणी शिक्षालाई प्रोत्साहन दिईनेछ ।
- महिला माथि हुने हिम्सा र मानव वेच विखन तथा ओसार पसार कार्यलाई निरुत्सायित गरिनेछ ।
- महिलाहरुलाई सिलाई वुनाई व्युटि पार्लर लगाएतका व्यवसायिक तालिम दिई व्यवसाय तर्फ प्ररित गराउने नीति लिईनेछ ।
- महिला विकासमा स्थानीय श्रोत र साधनको अधिकतम परिचालनमा जोड दिईनेछ ।
- महिलाको समग्र विकासको समन्य्य गर्न नगर सभाले कानुन वनाई एक महिला परिषद गठन गरिनेछ ।

**८) वाल विकास तर्फ :**

- वाल विकास केन्द्रको स्थापनामा जोड दिईनेछ ।
- वालश्रम शोषणलाई दुरुत्साहन गर्ने नीति लिनुका साथै वाल श्रम निवारणमा जोड दिईनेछ ।

- वाल मैत्री स्थानीय शासन कार्यक्रम संचालन गरिनेछ।
- निर्माण हुने संरचनाहर वाल तथा लक्षित वर्ग मैत्री वनाइनेछ।
- वालवालिका सम्वन्धित सवै काम र क्षेत्रको अनुगमन गरी आवश्यक निर्देशन समेत दिन कानुन निर्माण गरी एक वाल अभिकार अनुगमन समिति गठन गरिनेछ।
- हरेक टोलमा वाल कल्वहरु गटन गरी उनिहरुको हभिकार सुनिश्चित गर्ने कार्यक्रम संचालन गरिनेछ। साथै नगर स्तरीय वाल संजाल गठनको व्यवस्था मिलाईनेछ।

**९)अपाङ्ग तर्फ :**

- नगरपालिका क्षेत्र भित्र रहेका अपाङ्ग मानिसहरुको तथ्याङ्क संकलन र अद्यावधिक गरिनेछ।
- उनिहरुलाई उपयुक्त खालका स्वरोजगार तथा आयमुलक कार्यक्रम सञ्चालनमा जोड दिईनेछ।
- शिपमूलक रोजगारमुलक तथा आयमूलक कार्यक्रम सञ्चालनमा जोड दिईनेछ।
- परम्परागत जात्रा गुठी पर्व आदीको महत्वलाई प्राथमीकतामा राखी कार्यक्रम सञ्चालन गरिनेछ। साथै अव वन्ने संरचनाहरु अपाङ्ग मैत्री वनाउने निती लिईनेछ।

**१०) आदीवासी जनजाती उत्थान तर्फ :**

- नगरपालिकाको सवै जातजाती धर्म समुदायका एतिहासिक सामाग्री र संस्कृति संरक्षण गर्न एक संग्रहलय निर्माण गर्न सम्भाव्यता अध्ययन गरिनेछ।
- भाषा संस्कृतिको सम्वर्धन र प्रवद्धनको लागी पहल गरिनेछ।
- परम्परागत जात्रा गुठी पर्व आदीको महत्वलाई प्राथमीकतामा राखी कार्यक्रम राखी संचालन गरीनेछ। साथै महत्वपूर्ण जात्रा एवं पर्वपुजा संचालनका लागी अक्षयकोष स्थापना गर्ने तर्फ ध्यान केन्द्रीत गरिनेछ।
- रामपुरमा रहेका विभिन्न जाती भाषा संस्कृति समेट्ने गरि एक संग्रलय स्थापना गरिनेछ।
- आदीवासी जनजातीको उत्थानको लागी नगर सभाद्धारा कानुन निर्माण गरी आदीवासी तथा जनजाती उत्थान परिषद स्थापना गरिने छ।

**११) दलित एवं पिछडा वर्ग उत्थान तर्फ :**

- छुवाछुद तथा भेदभाव उन्मुलनको लागी प्रभावकारी कार्यक्रम संचालन गरिनेछ।
- शिपमुलक रोजगारमुलक तथा आयमुलक कार्यक्रम संचालनमा जोड दिईनेछ।
- आरन सुधार परम्परागत सिलाई बुनाई पेशा भएका समुदायलाई आधुनिक तालिमको व्यवस्था गरिनेछ।
- दलित एवं पिछडा समुदायको हत हितका लागी काम गर्ने गरी नगर सभाद्धारा कानुन निर्माण गरी एक दलित परिषद गठन गरिनेछ।

**१२) युवा तथा खेलकुद विकास तर्फ :**

- कुलत तथा दुर्व्यसनमा लागेका युवाहरुलाई रुपान्तरणको लागी जोड दिईनेछ।
- हरेक टोल र वस्तीमा विभिन्न खेल व्यायाम गर्न प्रोत्साहन गरिनेछ।

- नगरस्तरमा कम्तीमा एक कवर्डहल प्रत्येक वडामा एउटा खेल मैदान वनाउनको लागी सम्भाव्यता अध्ययन गरिनेछ ।
- युवाहरुलाई विभिन्न व्यवसायिक तालिम प्रदान गरिनेछ ।
- युवाहरुलाई लक्षित गरी कृषि पशुपालन तथा घरेलु उदोग तर्फ आर्कर्षित गर्ने नीति लिईनेछ ।
- युवाहरुको क्षेत्रमा काम गर्ने गरी नगर सचाले कानुन निर्माण गरि युवा परिषद निर्माण गरिने छ ।
- अन्तर वडा स्तरीय विभिन्न खेलहरुको आयोजना गरी खेलकुदलाई प्रवर्द्धन र विकास गरिनेछ ।
- नगरपालिका क्षेत्रभित्र उपयुक्त स्थानमा **राष्ट्रिय स्तरको रङ्गशाला** निर्माण गरिने छ ।

**ग) पूर्वाधार विकास तर्फ :**

**१३) सडक तर्फ :**

- रामपुर नगरपालिकाको सवै वडा कार्यालयसम्म पक्की सडकको पहुँच पु-याईने छ ।
- नगरमा नयाँ सडक निर्माण गर्दा आवश्यक प्रकृया र विद्यमान मापदण्ड अवलम्वन गर्दै भएका सडकहरुको स्तरोन्नती गर्ने कार्यलाई विशेष जोड दिईनेछ ।
- रामपुर नगर क्षेत्रमा रहेको बसपार्क सुविधा सम्पन्न वनाईने छ । नगरको अन्य आवश्यक स्थानमा वसपार्क निर्माण गरिनेछ ।
- सवै वडामा रहेका मुल सडकलाई क्रमश कालोपत्रे गरिनेछ ।
- कालिगण्डकी निस्दीखोला वहखोला तुरुन्दीखोला लगाएतका खोलाको दायाँवायाँ किनारमा हरित बेल्ट सहित करिडोर निर्माणलाई विषेश प्राथमीकतामा राखिने छ ।
- सडकहरु निर्माण गर्दा मुआब्जा जसता कुराहरुमा अन्तरद्धन्द हुननदिन कार्यान्वयन हुनु अगावै टुङ्गो लाग्ने खालका आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- आयोजना तर्जुमाकै बखत सेवाग्राही /लक्षित वर्ग तथा नागरिक समाजसमेतको सहभागितामा अनुगमन तथा मुल्याङ्कन हुने व्यवस्था मिलाईनेछ ।
- pre project / post project का तस्वीरका आधारमा मात्र योजना फरफारक हुने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।

**१४) भवनतर्फ :**

- नगरपालिकाको सेवालाई प्रभावकारी वनाउन सवै विषयगत शाखाहरुलाई समेत पुग्ने गरी नगर कार्यपालिकाको भवन निर्माण गरिनेछ ।
- भवन वनाउदा अपाङ्गता तथा वाल मैत्री संरचना निर्माण गर्ने निती लिईनेछ ।
- भूकम्पको समयमा भत्किएका वडा भवन तथा सांस्कृतिक सम्पदाहरुको निर्माणमा जोड दिईनेछ ।
- नगरपालिकामा १ सिटीहल अतिथी गृह निर्माण गर्न जोड दिईनेछ । यसका लागी केन्द्र सरकार संग समन्वय गरिनेछ ।
- भवन निर्माणमा राष्ट्रिय भवन आचारसंहिता लागु गरी प्रभावकारी कार्यन्वयनमा जोड दिईनेछ । साथै मैजुदा भवन निर्माण तथा वस्ती विकास मापदण्डलाई आवश्यक परिमार्जन सहित प्रभावकारी कार्यान्वयनमा जोड दिईनेछ ।
- रामपुरको मुख्य वजारमा व्यापारिक भवन तथा गोदामहरुको निर्माण गर्न निजी क्षेत्रसंग सहकार्य गरिनेछ ।
- घर भवन जस्ता भौतिक संरचना निर्माण गर्दा भुमिगत जल संचित गर्ने कुरालाई प्रोत्साहित गरिनेछ ।

- सवै वडा कार्यालयहरुको भवन निर्माणलाई प्राथमिकता दिईनेछ ।
- नगरपालिका परिसर भित्र **"रामपुर व्यापारिक भवन "** को निर्माण कार्य यसै आ.व. ०७५/०७६ भित्र पुरा गरिने छ ।
- नगरपालिका भित्रको कुनै उचित स्थानमा **चिस्यान केन्द्र (COLD STORE )** स्थापना गरी सञ्चालनमा ल्याइने छ ।

**१५) सिंचाई तर्फ :**

- ठुला सिंचाई साना सिंचाई र थोपा सिंचाई जस्ता प्रर्वदनको नीति लिईनेछ ।
- पाखो जग्गामा स्प्रिङ्कलर थोपा सिंचाई प्रविधिलाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ ।
- भएको सिंचाई कुलो नहर मर्मत संहार र लिफ्ट सिंचाईका आधारमा भएपनि सिंचाईलाई प्राथमिकता दिईनेछ ।
- वाँझो तथा खेती योग्य सिंचाई हुन वाकी भूमिलाई सिंचाई गराउने खालका आयोजनाहरुलाई विशेष प्राथमिकता दिईनेछ ।

**१६) सुचना तथा संचार तर्फ :**

- नगरका सम्पूर्ण सेवा कम्प्युटराइज गरिनेछ ।
- रामपुरलाई स्मार्ट सिटीको रुपमा विकास गरिनेछ ।
- ऋमश ई सेवा विस्तार गरिनेछ ।
- सवै वडामा वाईफाई सेवा विस्तार गरिनेछ ।
- विभिन्न ठाउमा दुर संचारको टावर व्यवस्थापनलाई प्राथमिकतालाई प्राथमिकता दिईने निती लिईनेछ ।
- टेलिफोनको ल्याण्ड लाईनलाई विस्तारमा जोड दिईनेछ ।
- नगरपालिका र वडा तहका सुचनाहरुलाई वइभसाइट मार्फत प्रकाशन र अद्यावधिक गरिनेछ ।
- नगरपालिकाको क्षेत्रमा संचालनमा रहेका एफ.एम हरुलाई नगर विकासका गतिविधि प्रसारण गर्न प्रोत्साहन गरिनेछ ।
- नगर क्षेत्रका छापा र टेलिभिजनहरु स्थापनामा समन्वय र सहकार्य गरि नागरिकहरुको सुचना पाउने हरुको सुनिश्चिता गरिनेछ ।
- सुचनाको हक ऐन प्रावधानहरुलाई कार्यानवयनको अनुशरण गरिनेछ ।

**१७)विद्युत तर्फ :**

- विद्युत नपुगेका स्थानमा विद्युत विस्तार गरिनेछ । गाडाकोट क्षेत्रमा यसै वर्ष विद्युत विस्तार पुरा गरिनेछ ा
- विद्युत विस्तार भएको क्षेत्रमा स्तरउन्नतीमा जोड दिईनेछ ।
- सडक वत्तिको व्यवस्थापनलाई चुस्त र दुरुस्त वनाईनेछ ।
- मूख्य र संवेदनसील चोक गल्ली तथा सडकहरमा सि.सि. टि.भी. जडान गरिने छ ।
- सार्वजनिक उपयोगका क्षेत्रहरमा नविकरणीय उर्जाको प्रयोग मार्फत विद्युत आपुर्त्ति गर्ने कार्यलाई प्राथमिकतामा रादिनेछ ।
- नगरपालिका भित्र विद्युतिकरण हुन वाकी सवै क्षेत्रहरुमा यसै आ.व. ०७५/०७६ मा विद्युतिकरण कार्य सम्पन्न गरिसकिने छ ।

**१८) सस्कृति, पर्यटन विकास तर्फ :**

- रामपुर नगरपालिकाको ऐतिहासिक तथा पुरातात्तिक स्थललाई पर्यटन प्रवर्द्धनमा जोड दिईनेछ ।
- योजना छनौट गर्दा पर्यटकिय पूर्वाधारका कार्यक्रमलाई विषेश प्राथमिकता दिईनेछ ।
- वडा नं. १ को टापुधाम वडा नं. १ को नमूना मगर गाउ वडा नं. ३ को केलादी घाट सिताकुण्ड वडा नं. ४ को सदार्वत र पाटी वडा नं. ५ को रामघाट राममन्दिर वडा नं. ८ को खैरेनविन सिद्धवावा वडा नं. १० को सिद्ध गुफा लगाएतका स्थानमा आन्तरिक एवं वाह्य पर्यटनका लागी पूर्वाधार निर्माण सहितको गुरु योजना तयार पारिनेछ ।
- नगरपालिकाको ग्रामिण क्षेत्रमा वरिपरि होम स्टे संचालनका लागी आवश्यक पूर्वाधारमा जोड दिईनेछ ।
- खुल्ला चिडियाघरको लागी आवश्यक अध्ययन गरिनेछ ।
- नगरपालिकामा कृषि पर्यटनको डिजाइन र सम्भाव्यता अध्ययन गरिनेछ ।
- रामपुरमा गठन भएको पर्यटन विकास समितिलाई समय सापेक्ष सुध्रिण गरिनेछ ।
- पर्यटन सरोकारवालाहरुसंग समन्वय / सहकार्य गरि पर्यटन गुरु योजना तयारी र पर्यटनमैत्री कार्यक्रम संचालन गरिनेछ ।
- नगर उत्थान स्वीमिङ पुल होटल पार्क पिकनिक स्पोट तथा विभिन्न वाटिकाहरुको निर्माणमा निजी क्षेत्र संग सहकार्य गरिनेछ ।
- नगरका सवै वडामा पर्यटन पूर्वाभार विकास विभिन्न क्षेत्रमा रहेका सिमसार क्षेत्रमा कृतिम ताल र अन्य जौविक विविधता संरक्षण गर्ने क्रियाकलाय संचालन गर्न सम्भाव्यता अध्ययन गरि योजना वनाईने छ ।
- नगर क्षेत्रमा रहेका पाटि पौवा डवली सत्तल चौतारी तथा ऐतिहासिक चोकहरुको मर्मत संभार र संरक्षण गरिनेछ । यस्ता स्थानमा पर्यटक लक्षित व्यवसाय गर्न प्रोत्साहन गरिनेछ ।
- पर्यटन विकासका लागी Public private patnership को अवधारणा लागु गरी आन्तरीक आय वृद्धि गरिने छ ।
- पवित्र कालिगण्डकी नदी क्षेत्रमा पाईने **शालिग्राम शिलाको** संरक्षण र प्रवर्द्धनको लागी शालिग्राम संग्राहलय स्थापना गरिने छ ।

**१९) घरेलु तथा साना उद्योग तर्फ :**

- काष्टकला हाते उद्योग पर्यटन सामाग्री उत्पादन गर्ने उद्योगलाई प्रोत्साहन गरिने छ ।
- कागज वातावरण मैत्री उतपादन पुर्नप्रयोगिय सामाग्री प्रयोग गर्ने उद्योगलाई सहयोय गरिने छ ।
- घरेलु उद्योगका उत्पादनको विकासमा जोड दिईने छ ।
- घरेलु उत्पादनलाई वजारीकरण एवं उपभोगमा विषेश जोड दिईने छ ।
- घरेलु तथा साना उद्योग संचालनमा वातावरण प्रदुषण न्यूनिकरणको निति लिईने छ ।
- लघु तथा घरेलु उद्योगलाई प्रभावकारी कार्यान्वयन गरिने छ ।
- स्थानीय स्रोत साधन एवं जनशक्ति परिचालनमा विशेष जोड दिईने छ ।
- पर्यटन मैत्री खाद्य परिकार प्रवर्द्धनमा जोड दिर्यने छ ।
- नगर भित्रको वित्तिय संस्थालाई सरकारले तोकिदिएको सानो उद्योग कर्जा दिन प्रोत्साहन दिईने छ ।

**२०) खानेपानी तर्फ :**

- प्रत्येक वडामा हाल प्रयोग भई रहेका स्थानीय पानिको श्रोतहरको संरचना एवं व्यवस्थीत प्रयोग गरिनेछ ।

- स्वच्छ पिउने पानीको व्यवस्थामा सहयोग पुग्ने आयोजनाहरुलाई प्राथमिकता दिईनेछ ।
- स्वास्थ्य र सरसफाई सम्वन्धि जनचेतनामुलक कार्यलाई प्राथमिकता दिईनेछ ।
- श्रोत अभाव भएका क्षेत्रमा डिप वोरिङ आकाशे पानीको संकलन प्रविधिमा जोड दिईनेछ ।
- साना शहरी खानेपानी आयोजनाको क्षेत्र बिस्तारलाई जोड दिईनेछ ।

**घ) वातावरण तथा विपद् व्यवस्थापन :**

**२१) वन तथा वातावरण तर्फ :**

- नगर भित्रका वनजंगलको संरक्षण गरिनेछ ।
- स्थानीय समुदायको अग्राधिकार रहने गरि वन पैदावार र वन क्षेत्रको नोक्सानी नहुने गरी वन क्षेत्रको व्यवसायिक विकासमा जोड दिईनेछ ।
- नगरपालिका क्षेत्रमा जाने पहिरो तथा भू-स्खलन समस्या समाधानमा सहयोग पु-याईनेछ ।
- सवारी साधन उद्योग कलकारखानावाट निस्कने ध्वनी प्रर्दुषणलाई व्यवस्थापन गर्न आवश्यक नियम वनाई कार्यन्यवन गरिनेछ ।
- जडीवुटिको पकेट क्षेत्र पहिचान गरी व्यवसायिकरणमा जोड दिईनेछ ।
- जौविक विविधताको संरक्षण र वातावरण सन्तुलन कायम राख्ने नीति लिईनेछ ।
- कृषि क्षेत्रमा प्रयोग हुने रासायनिक मल र विषदीलाई न्यूनिकरण गर्दै अर्गानिक खेती र उत्पादन गर्ने कृषकलाई विषेश सहयोग गरिनेछ ।
- नगर क्षेत्रमा रहेका ऐतिहासिक सांस्कृतिक सम्पदा नदी तथा खोलाहरुको स्वच्छता संरक्षण तथा सर्म्वद्धनमा जोड दिईनेछ ।
- हरिद गृह प्रभाव न्यूनिकरणको नीति लिईनेछ ।
- वैकल्पिक उर्जाको प्रवर्द्धन गरि वातावरण संरक्षणमा टेवा पुर्याइनेछ ।
- ५० लाख भन्दा वढीका आयोजना संचालन गर्नुपूर्व वा प्राकृतिक श्रोतको उपयोग गर्नु पूर्व IEE र EIA को प्रावधानलाई अनिकार्य रुपमा पालना गरिनेछ ।
- हरेक घर परिवारले कम्तिमा १ वनस्पती १ फलफुल र १ फुलको विरुवा लगााउन अनिवार्य गरिने तर्फ नीति लिईनेछ ।
- नेपाल सरकारद्धारा स्वीकृत वातावरण मैत्री स्थानीय वातावरण मैत्री स्थानीय शासनको अवधारणा अनुरुप वातावरण मैत्री संरचनागत विकास निर्माणमा विशेष जोड दिईनेछ ।
- ग्रामिण क्षेत्रका भिराला गराहरुको सुधार गरि भूमिको संरक्षणमा जोड दिईनेछ ।
- भू-क्षय रोकथामको निमित्त वायो इन्जिनियरिङ्ग प्रविधिको विस्तार गरिनेछ ।
- खेती योग्य उब्जाउ भूमिमा जग्गाको पल्टिङ गरी आवास विस्तार गर्ने कार्यलाई निरुत्साहित गर्दै लगिनेछ ।

**२२) सरसफाई तथा फोहरमैला व्यवस्थापन तर्फ :**

- दैनिक रुपमा उत्पादन हुने घरायसी फोहरलाई व्यवस्थापन गर्न उत्पादनकर्तालाई नै प्रोत्साहन गरिनेछ । यसका लागी गडौला खेती कौशी खेती र फोहरवाट मल तथा ग्यास निकाल्ने प्रविधिको खोजी विकास गरिनेछ ।

- कुहिने र नकुहिने फोहर घरमै छुट्टाउने व्यवस्था अनिवार्य गरिनेछ । सडक तथा सार्वजनिक स्थानमा फोहर फ्याक्नेलाई कडा जरिवाना गरिने व्यवस्था कडाइका साथ लागु गरिनेछ ।
- नगरपालिकाको ल्याण्ड फिल्ड साईटको उचित व्यवस्था र प्रयोग गरिनेछ ।
- नदिहरुमा सोभै ढल जडान गर्ने कार्य निरुत्साहन गरिनेछ ।
- उद्योग तथा कल कारखानाहरुमा उत्पादन हुने फोहर तथा क्यामिकलको व्यवस्थापन गर्न सम्वन्धित क्षेत्रलाई नै जिम्मेवमर वनाईनेछ ।
- फोहर व्यवस्थापन र सरसफाई सम्वन्धि सवारी साधन उपकरण र जनशक्तिलाई दुरुस्त राखी सेवा प्रभावकारी वनाईनेछ ।
- फोहर व्यवस्थापनका लागी निजी क्षेत्रलार्य नै प्रोत्साहन गरिनेछ ।
- दिर्घकालिन रुपमा फोहरको प्रसोधन र पुर्नप्रयोय गर्ने गरी निजी क्षेत्र संग फोहर व्यवस्थापन कार्यलाई अगाडी वढाईनेछ ।

**ङ) संस्थागत विकास तथा सेवा प्रवाह नीति :**

**२३) संचार क्षेत्र विकास तर्फ :**

- विकासमा संचारको अवधारणालाई प्रभावकारी हिसावले निरन्तरता दिईनेछ ।
- सार्वजनिक सेवा प्रवाहमा पारदर्शिता र प्रभावकारीता कायम गरिनेछ ।
- सार्वभौम जनताको सूसुचित हुने अधिकारको प्रत्याभूतिका लागी आवश्यक पहल गरिनेछ
- नागरिकहरुको सूचनाको हकलाई सुनिश्चित गर्न संचार क्षेत्रसंग सहकार्य गरिनेछ ।

**२४) सुचना तथा तथ्याङ्क तर्फ :**

- वडा स्तर देखी नै विस्तृत विवरण सहितको वडा प्रोफाइल र नगरपालिकामा नगर प्रोफाइल निर्माण एवं समसामायिक रुपले अद्यावधिक गर्दै लगिनेछ ।
- आवधिक नगर विकास योजना नगर यातायात गुरु योजना कृषि विकास गुरु गोजना वस्ती विकास गुरु योजना नगर भू उपयोग योजना निर्माणमा जोड दिईनेछ । यसैलाई आधार मानी वार्षिक नगर विकास योजना तयार पारिनेछ ।
- नगरपालिकामा १ सूचना तथा अभिलेख शाखा स्थापना गरिनेछ ।
- नगरपालिकाको तथ्याङकलाई एकद्वार प्रणालीमा आवद्ध गरिनेछ ।
- सुचना तथा तथ्याङलाई  व्यवस्थित गर्न विभिन्न सफ्टवयरको प्रयोग गरिनेछ ।

**२५) मानव संसाधन संरचना विकास :**

- पुर्नसंरचनाको ढाँचामा तयार भएको संरचनामा आभारित दरवन्दीका केही पद पदपुर्तिवाट र केही समायोजन वाट व्यवस्थापन गरिनेछ ।
- समावेशीकरणको अवधारणा अनुरुप कर्मचारी संगठनलाई व्यवस्थित गर्दै लगिनेछ ।
- नगरपालिकाको आन्तरिक प्रशासन वडा कार्यालयको कार्य सम्पादन र विषयगत  शाखाहरुको कार्यहरुलाई चुस्त र दुरुस्त कार्यान्वयनका लाथी यथासमयमा अनुगमन निरीक्षण र समिक्षालाई प्रभावकारी वनाईनेछ ।
- वस्तुगत मापदण्डको आधारमा दण्ड र पुरस्कारको नितीलाई व्यवस्थित गरिनेछ ।
- आवश्यकता पहिचानको आधारमा क्षमता अभिवृद्धि कार्यक्रमलार्य थप प्रभावकारी वनाईनेछ
- रामपुर नगरपालिकाको संस्थागत संरचनालाई समसायिक रुपमा अदावधि गर्दै लगिनेछ ।

- नगरपालिकाको संसथागत विकासका लागी कर्मचारीको कार्य विवरण पदाधिकारी र कर्मचारीको आचारसंहिता संगठन विकास अध्ययन क्षमता विकास योजना कार्यान्वियन गर्ने जस्ता विषयलाई जोड दिईनेछ ।
- नगरपालिकाको दैनिक कामकाजका साथै आवधिक र दिर्घकालिन योजना तथा रणनितिक कार्यहरु खोज अनुसन्धान र तर्जुमा को लागी विभिन्न परामर्शदाता, संघ सस्था हरु संग परामर्श सेवा खरीद गरी कार्यान्वयनमा ल्याईनेछ ।

**२६) भुमि व्यवस्थापन तर्फ :**

- सार्वजनिक भूमिको पहचान र अभिलेख गरी अतित्रमणलाई नियन्त्रण गरिनेछ ।
- सरकारी प्रति जग्गाको लगत लिई सोको संरक्षणका लागी उपयुक्त कार्यदल गठन गरिनेछ
- जग्गाको खण्डीकरण र प्लटिङ् कार्यलाई निरुतसाहित गरिनेछ ।
- डिीटल नापी प्रणालीलाई क्रमश लागु गरिनेछ ।
- जग्गा विकास कार्यक्रम मार्फत व्यवस्थित वस्ती विकासको निती लिईनेछ ।

**२७) राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्वन्ध तर्फ :**

- रामपुर नगरपालिका संग मिल्दा र इच्छुक राष्ट्रिय तथा अन्तराष्ट्रिय शहर निकायसंग भगिनी सम्वन्ध स्थापना गरिनेछ ।
- अन्तराष्ट्रिय हिसावमा अनुकुल स्थाहरुको अवलोकन भ्रमण एवं सिकाई आदान प्रदानका कार्यक्रमहरुको आयोजना गरिनेछ । नेपालको संविधान र कानुनको परिधिमा रहि वैदेशिक सहयोय एवं ऋण आवश्यकता अनुसार लिईनेछ ।

**च) वित्तिय व्यवस्थापन तथा सुशासन नीति :**

**२८) सुशासन र सेवा प्रवाह तर्फ :**

- सार्वजनिक सेवा प्रवाह र विकास निर्माणका कार्यहरुमा हुन सक्ने वित्तिय जोखिम न्यूनिकरणको कार्ययोजना वनाई लागु गरिनेछ ।
- नगरपालिका र हरेक वडाहरुमा नागरिक वडा पत्र राखिनेछ । नागरिक वडा पत्रको विषयमा नागरिकहरुलाई सुसुचित गर्न पत्रपत्रिका एफएम टेलिभिजन हरुवाट जानकारी गराईनेछ ।
- आवधिक रुपमा सार्वजनिक सुनुवाई कार्यक्रम योजना गरिनेछ । सार्वजनिक सुनुवाईमा उठेका सवाल र सम्वोधनको विषयमा समिक्षा गरिनेछ ।
- नगरपालिकाको सेवा प्रवाहको सम्वन्धमा नागरिकहरुले गुनासो तथा उजुरी गर्न सक्ने संयन्त्रको विकास गरिनेछ । नगरपालिका र वडा तहमा गुनासो सुन्ने अधिकारी गुनासो अभिलेखन तथा सम्वोधन गरिनेछ ।
- उपभोक्ता समिति तथा निर्माण व्यवसायिकवाट सम्पादन हुने विकास निर्माणको कार्यको प्रभावकारी रुपका सार्वजनिक परिक्षण गर्ने परिपाटीलाई निरन्तरता दिईनेछ ।
- नगरपालिकाको वार्षिक रपमा लेखापरिक्षण सामाजिक परिक्षण लैङिगक तथा सामाजिक समावेशिकरण वजेट परिक्षण कार्यहरु संचालन गरिनेछ ।

**२९) बिबिध नीति :**

- वित्तिय उर्जा र उपयोग क्षेत्रसंग सम्बनधित ऐन तथा नीतिहरु कार्यान्वयन गर्दै लगिनेछ ।
- नगर यातायातलाई मध्यनजर गर्दे चक्रपथ निर्माण कार्यलाई अगाडी वढाईनेछ ।
- स्थानीय तह सहकारी ऐन तर्जुमा गरिनेछ ।

- स्थानीय तह बजार अनुगमन निर्देशिका तर्जुमा गरिनेछ ।
- एफ.एम रेडियो (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि २०७५ तर्जुमा गरिनेछ ।
- न्यायिक समितिले उजुरीको कारवाही किनारा गर्दा अपनाउनुपर्ने कार्यविधिका सम्वन्धमा आवश्यक कानुनको तर्जुमा गरिनेछ ।
- रामपुर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन तर्जुमा गरिनेछ ।
